सडक सबैको साझा सम्पत्ति हो, त्यसको संरक्षण र संवर्द्धन गर्नु सबैको दायित्व हो ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

# बुद्ध दर्पण

राष्ट्रिय दैनिक

The Buddha Darpan National Daily

धुमपान र मद्यपान नगरौं स्वस्थ जीवन बाँचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष ११ | अंक २३० | ९ चैत २०८२ सोमबार | 23 March 2026 Monday | पृष्ठ : ४ | मूल्य : ५ रुपैयाँ

# सर्वदलीय बैठकको अपिलपछि स्थिती सम्हालिदै

## ❖ महाराजगंजबाट सुरु साम्प्रदायिक विवाद सदरमुकाम तौलिहवासम्म फैलियो

कपिलवस्तु ८ चैत

कपिलवस्तुको महाराजगंजवाट शनिवार बिहानदेखि सुरु भएको हिन्दु र मुस्लिम समुदायबीचको विवाद सदरमुकाम तौलिहवा सम्म फैलिएपछि दलहरूको अगुवाइमा आइतवार भएको सर्बदलिय बैठकपछि कुनै प्रदर्शन तथा अप्रिय घटना भएका छैनन् । सर्वदलीय बैठकमा सबै दलले साम्प्रदायिक गतिविधि बढ्न नदिन प्रतिबद्धता जनाएका छन् । हिजोदेखि जारी निषेधाज्ञा भने थपिएको छ । यो विस्तार समेत गरिएको छ। जिल्लाको महाराजगञ्ज नगरपालिका क्षेत्रका केही स्थानमा आइतबार पनि स्थानीय युवाहरूले प्रदर्शन जारी राखेपछि नियन्त्रणका लागि प्रहरीले लाठीचार्ज गरेको थियो । स्थिति नियन्त्रणमा लिन सुरक्षाकर्मी उच्च सतर्कतामा राखिएका छन् ।



मुस्लिम समुदायले इद पर्व मनाइरहेका बेला शनिवार महाराजगञ्ज नगरपालिका-२ अन्तर्गत बरगदा र बहादुरगञ्ज क्षेत्रमा दुई समुदायबीच झडप भएको थियो । झडप नियन्त्रणमा लिन प्रहरीले हवाई फायर गरेको थियो । सो क्रममा गोली लागेर ४ जना घाइते भएका छन् भने केही प्रहरीसमेत घाइते भएका छन् ।

घटनापछि स्थानीय प्रशासनले शनिवार दिउँसो २ बजेदेखि अर्को आदेश नभएसम्मका लागि निषेधाज्ञा जारी गरेको थियो । हिजोदेखि सुरु भएको उक्त निषेधाज्ञा आज सकिएपछि लगत्तै सुरु गरिएको हो । शनिवार बहादुरगन्ज क्षेत्रमा मात्रै लगाइएको निषेधाज्ञा आइतवार भने जिल्ला सदरमुकामसँगै दक्षिणी क्षेत्रमा समेत थपिएको छ।

कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमका अनुसार विवाद समाधानका लागि सर्वदलीय तथा सर्वपक्षीय छलफलले सहजता भएको छ । उनले भने, "सर्वदलीय बैठकमा प्रतिबद्धता भएको छ। विवाद समाधान नहुँदासम्म निषेधाज्ञा जारी रहन्छ ।"प्रहरीका अनुसार चैत ७ गते मुस्लिम समुदाय मस्जिदमा नमाज पढिरहेका बेला नजिकै रहेको मन्दिरमा डिजे बजाइएपछि विवाद सुरु भएको हो । त्यसपछि स्थिति तनावपूर्ण बन्दै जाँदा दुवै पक्षबीच झडप भएको थियो। घटनाका क्रममा केही स्थानमा मन्दिर र मस्जिदमा तोडफोडसमेत भएको जनाइएको छ ।चैते दशैं नजिकिँदै गर्दा हिन्दु समुदायले पनि मन्दिरमा विभिन्न धार्मिक कार्यक्रम गर्ने परम्परा रहेकाले दुवै पक्षबीच असमझदारी बढेको देखिएको छ ।यसैबीच जिल्ला प्रशासन कार्यालय तौलिहवाले आइतबारदेखि लागू हुने गरी थप क्षेत्र समेटेर निषेधाज्ञा जारी गरेको छ ।

प्रमुख जिल्ला अधिकारीको आदेशअनुसार जिल्ला सुरक्षा समितिको निर्णयबमोजिम चैत ८ गते दिउँसो १ बजेदेखि अर्को आदेश नभएसम्म लागू हुने गरी निषेधाज्ञा जारी गरिएको हो ।

स्थानीय प्रशासन ऐन अनुसार तोकिएको क्षेत्रमा कुनै पनि प्रकारका भेला, सभा, जुलुस तथा प्रदर्शन गर्न पूर्ण रूपमा रोक लगाइएको छ ।

निषेधाज्ञा लागू गरिएको क्षेत्रको सीमाअनुसार पूर्वतर्फ लबनी चोक, पश्चिमतर्फ वर्गदीघाट पुल, उत्तरतर्फ पचेहरा चोक र दक्षिणतर्फ धर्मभक्त माध्यमिक विद्यालय बभनीसम्म तोकिएको छ ।प्रशासनले आदेश उल्लङ्घन गर्ने जो-कोहीलाई नियन्त्रणमा लिएर कानुनबमोजिम कारबाही गरिने चेतावनी दिएको छ । हालको सुरक्षा अवस्थालाई मध्यनजर गर्दै सम्भावित अप्रिय घटना रोक्न निषेधाज्ञा जारी गरिएको प्रशासनले जनाएको छ । तनावग्रस्त अवस्थालाई नियन्त्रणमा लिन सुरक्षाकर्मी परिचालन बढाइएको छ भने स्थानीय तह, राजनीतिक दलका अगुवा तथा सरोकारवालाहरूले धार्मिक सहिष्णुता कायम राख्दै समस्या समाधानतर्फ पहल गरिरहेका छन् ।

सात दिनको बिदा लिएर गएका प्रमुख जिल्ला अधिकारी गौतम जिल्लामा यस्तो घटना भएपछि शनिवार राती नै जिल्ला फर्केका छन् । सात दिनको बिदामा गएका उनी बिदा छोट्याएर काममा फर्केको बताए । 'एक साताको बिदामा काठमाडौं गएको थिएँ, जिल्लामा समस्या भएपछि हिजै फर्किएँ' उनले भने ।

त्यसैगरी डिएसपी हितेन्द्रकुमार सिंह पनि बिदामा थिए । उनी पनि बिदा छोट्याएर काममा आएका हुन् । शनिवारको निषेधाज्ञा निमित्त प्रजिअ भविश्वर घिमिरेले जारी गरेका थिए भने आज प्रमुख जिल्ला अधिकारीले गौतमले नै गरेका थिए ।

आजको दलको बैठक पनि उनैले समन्वय गरेका थिए । आइतबार दिउँसो २ बजे दलहरूको सामूहिक बैठकपछि जिल्लामा कुनै प्रदर्शनका घटनाहरू नभएको बुद्ध दर्पणले जानकारी प्राप्त गरेकोछ । यसैबीच कपिलवस्तु नगरपालिकाले जिल्लामा भएको अशान्त वातावरणले विभिन्न शैक्षिक संस्थाले लिन थालेका परीक्षाहरू पनि रोकेको छ । शिक्षा अधिकृत युवराज भुसालले विज्ञप्ति जारी गर्दै ८ गतेका सबै परीक्षाहरू स्थगित गरिएको जनाएका छन् । दुई समुदायको विवादले विद्यार्थीहरू सँगै अभिभावक पनि त्रसित भएकाले यस्तो अवस्थामा परीक्षा नै स्थगित गर्न परेको जनाइएको छ ।

प्रशासन कार्यलयमा भएको सर्वपक्षीय बैठकले घटनामा संलग्न दोषीलाई तत्काल पक्राउ गरी कानुन बमोजिम कडा कारबाही गर्ने निर्णय गरेको छ। प्रहरी उपरीक्षक सन्तोष आचार्यका अनुसार व्यापक रूपमा सुरक्षाकर्मी परिचालन गरिएको छ भने सबैलाई संयमित रहन अपील गरिएको छ।घटनामा कुल २३ जना घाइते भएका छन्।

नेपाल प्रहरीतर्फ प्रहरी निरीक्षकसहित ११ जना र सशस्त्र प्रहरीका ६ जना घाइते भएका छन् भने प्रदर्शनकारीतर्फ ६ जना घाइते भएका छन्। घाइतेमध्ये चार जनालाई गोली लागेको छ। उनीहरूमध्ये चार जनाको भैरहवास्थित मेडिकल कलेज, एक जनाको भरतपुर र एक जनाको बहादुरगञ्ज अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

# बेमौसमी वर्षाले तराइका जिल्लामा करोडौको इँटा नष्ट



दाङ ८ चैत

गत दुई दिनदेखि भएको बेमौसमी वर्षाले गर्दा बाँके जिल्लामा मात्रै करिब नौ करोडको काँचो इँटा गलेर नष्ट भएको छ।

जिल्लाका इँटा व्यवसायीहरुका अनुसार पकाउनका लागि तयारी अवस्थामा राखिएको ठुलो परिमाणको काँचो इँटा गलेर नष्ट भएपछि व्यवसायीलाई आठ करोड ७५ लाख रुपियाँको आर्थिक क्षति भएको हो ।इँटा उद्योग व्यवसायी संघ लुम्बिनी प्रदेशका उपाध्यक्ष एवं बाँकेको पिबीसी ईट्टा उद्योगका सञ्चालक दिपक अधिकारीले बेमौसमी वर्षाले गर्दा एउटा उद्योगमा मात्र करिब पाँच लाख काँचो इँटा नष्ट भएको बताउनुभयो ।उहाँले जिल्लामा रहेका ७० वटा इँटा उद्योगमा तीन करोड ५० लाख जति काँचो ईट्टा नष्ट भएकाले ८ करोड ७५ लाख रुपियाँको क्षति भएको बताउनुभयो । एउटा काँचो इँटाको मूल्य दुई रुपियाँ पचास पैसा पर्ने समेत अधिकारीले बताउनुभयो।

यता दाङमा बेमौसमी वर्षाका कारण इँटा उद्योगमा ठूलो क्षति भएको छ। चैत ६ र ७ गते लगातार परेको वर्षाले करिब ६६ लाखभन्दा बढी कच्ची इँटा नष्ट हुँदा झण्डै दुई करोड १० लाख रुपैयाँ बराबरको नोक्सानी भएको दाङ देउखुरी इँटा व्यवसायी संघले जनाएको छासंघका सचिव प्रकाश खड्काका अनुसार जिल्लाभर सञ्चालनमा रहेका ३६ वटा इँटा उद्योगमा सुक्दै गरेका तथा पोल्नका लागि तयारी अवस्थामा राखिएका कच्ची इँटा वर्षाले बिग्रिएका हुन्। जिल्लाका इँटा उद्योगहरूले दैनिक रूपमा प्रति उद्योग ५० देखि ८० हजारसम्म इँटा उत्पादन गर्दै आएका छन्।उहाँले इँटाको क्षतिको यकिन विवरण सङ्कलन गर्ने काम अझै जारी रहेको जानकारी दिँदै वर्षाले व्यवसायमा ठूलो असर पारेको बताउनुभयो। कच्ची इँटा उत्पादन गर्दा प्रति इँटा करिब तीन रुपैयाँ लागत लाग्ने भए पनि बिमा सुविधा नहुँदा वर्षेनी यस्तो प्राकृतिक विपत्तिबाट व्यवसायीले ठूलो नोक्सानी बेहोर्नुपरेको उहाँको भनाइ छ ।

# नदीजन्य पदार्थ चोरीमा संलग्न साधन छुटाउन नआउन चेतावनी

कपिलवस्तु ८ चैत

कपिलवस्तुको बाणगंगा नगरपालिकाका नगरप्रमुख चक्रपाणी अर्यालले चोरी निकासी भएका सवारी साधन छुटाउनका लागि नगरमा नआउन चेतावनी दिनु भएकोछ। उहाले आफूलाई प्रतिष्ठीत ठान्नेहरु नै चोरीका साधान छोडिदिन परो भन्न आउने वा फोन गर्ने गरेको वताउदै यस्तो भन्नेको विवरण सार्वजनिक गरिदिने उहाले वताउनु भयो ।




आइतबार जितपुरमा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागीहरूको जिज्ञासाको जवाफ दिँदै उहाँले नदिजन्य पदार्थको चोरी निकासीबारे प्रत्येक वर्ष उजुरी परे पनि नगरपालिकाले कुनै गलत कार्य नगरेकाले अख्तियार लागायतवाट कानुनीकारबाहीकोअवस्थानरहेकोस्पष्ट पार्नुभयो।नगरप्रमुख अर्यालले शिक्षाको गुणस्तर सुधारलाई प्राथमिकतामा राख्दै नगरभित्रका विद्यालय मर्ज तथा शिक्षक व्यवस्थापनलाई प्रभावकारी रूपमा अघि बढाइने बताउनुभयो ।

साथै, योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम लागू गरिएको जानकारी दिनुभयो।उहाँले बाणगंगामा सामुदायिक वन र नगरबीच राम्रो सहकार्य रहेको उल्लेख गर्दै वनमार्फत गरिबी निवारण, महिला सशक्तीकरण तथा वातावरण संरक्षणका क्षेत्रमा महत्वपूर्ण काम भइरहेको बताउनुभयो। स्थानीय उत्पादनको बजारीकरण, महिला उद्यमशीलता र कृषि उत्पादन प्रवर्द्धनमा पनि नगरपालिका सक्रिय रहेको उहाँको भनाइ छ ।इन्डक्सन चुलोसँगै सुधारिएको चुलो र गोबर ग्यास वितरणको योजना रहेको जानकारी दिँदै उहाँले सार्वजनिक सुनुवाईजस्ता कार्यक्रममा नागरिकको सहभागिता बढ्नुपर्नेमा जोड दिनुभयो। साथै, प्रदेश सरकारअन्तर्गत सञ्चालन भएका कार्यक्रमबारे पालिकालाई जानकारी नहुँदा त्यसको अपजस नगरपालिकाले बेहोर्नुपरेको गुनासो गर्नुभयो।जनप्रतिनिधिप्रति नकारात्मक धारणा फैलिरहेको उल्लेख गर्दै उहाँले सबै जनप्रतिनिधि भ्रष्ट हुने भन्ने बुझाइ गलत रहेको र गलत कार्य गर्नेहरू कानुनी दायरामा आउने स्पष्ट पार्नुभयो। कार्यक्रममा उपप्रमुख, वडाध्यक्ष, कर्मचारी, सरोकारवाला तथा सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो।

# समय मै पानीको संरक्षण गर्न नसके भविष्य विकराल बन्दैछ : कार्की

कपिलवस्तु ८ चैत

समय मै पानीको संरक्षणगर्न नसके भविष्यमा विकराल अवस्था आउने खानेपानी महासङ्घका केन्द्रीय सदस्य विश्व कार्कीले वताउनु भएको छ ।

शान्ति र समृद्धिका लागि पानी भन्ने मूल नाराका साथ ३४ औं विश्व पानी दिवसको अवसरमा कपिलवस्तुको बाणगंगा नगरपालिका-१, उत्तमनगरमा आइतबार आयोजित एक छलफमा पानी संरक्षण गर्नु र यसको दिगो उपयोग सुनिश्चित गर्नु नै कार्यक्रमको मुख्य उद्देश्य रहेको उहाले बताउनुभयो। कार्कीले समयमै पानीको संरक्षण गर्न



नसके भविष्यमा यसले विकराल रूप लिन सक्ने चेतावनी दिनुभयो।त्यसैगरी, खानेपानी महासङ्घ कपिलवस्तुका जिल्ला अध्यक्ष राजेन्द्रविक्रम शाहले पानी संरक्षणका लागि सामुदायिक वनको संरक्षकत्व अत्यावश्यक रहेको बताउनुभयो। उहाँले बढ्दो शहरीकरण र तालतलैयाको विनाशले पानीको स्रोतमा नकारात्मक असर पर्ने उल्लेख गर्नुभयो।

कपिलवस्तु सञ्चार सहकारी संस्था लिमिटेडका अध्यक्ष दोलकबहादुर पछाईले मिडियाको माध्यमबाट जनचेतना फैलाउन आफूहरू सक्रिय रहेको बताउनुभयो। शिव मन्दिर सामुदायिक वनका अध्यक्ष झलक मल्लले पानी र वन एक-अर्कासँग प्रत्यक्ष रूपमा जोडिएको विषय भएकाले दुवैको संरक्षण अपरिहार्य रहेको बताउनुभयो। उहाँले वन बिना पानी सम्भव नहुने धारणा राख्नुभयो।कार्यक्रममा खानेपानी महासङ्घका केन्द्रीय सदस्य नमुना पौडेल, सिद्धार्थ सामाजिक

(बाँकी 3 पेजमा>>>

# सम्पादकीय

## धार्मिक द्वन्द्व र व्यवस्थापन

सदियौंदेखि मिलेर बसेको समाजमा जब धार्मिक, साम्प्रदायिक, सांस्कृतिक, भाषिक र जातीय सद्भाव खल्बल्याउने तत्व सक्रिय हुन्छन् तब अस्वभाविक रुपमा अविश्वास बढ्छ । एकले अर्कोलाई शंकाको दृष्टिले हेर्न थाल्छन् । शंकाले लङ्का जलाउन थालेपछि मौका ढुकेर निहुँ खोज्ने काम सुरु हुन्छ । अर्को पक्षले गर्न थालेको काम विगार्ने प्रयासबाट सुरु हुने झगडा को कति तगडामा रुपान्तरित हुन पुग्छ । त्यसपछि मौका मिलाएर झडप सडप गराएर तुजुक नाप्न थालिन्छ । कसको शक्ति कति भनेर नाप जोख भैसकेपछि बलियाले कमजोरलाई काबुमा राख्न खोज्छ । त्यसपछि कमजोरले पनि अधिक शक्ति जुटाएर आफु माथि पर्ने कोशीष जारी राख्छ । अनि बेला बेलामा शक्तिको नाप जोख गरेर कसले कसलाई काबुमा राख्ने भन्ने होडबाजी चल्न थालेपछि हुने द्वन्द्वले नियमति रुप लिन थाल्छ । त्यसैको नतिजा हो महाराजगञ्ज बर्गदाको घटना । प्रहरी प्रशासनले स्थानीय जनताको मनोविज्ञान बुझेर समाधान निकाल्ने सोच बनाउनु भन्दा शक्ति प्रयोग गरेर निकास निकाल्न खोज्दा बिग्रेको हो । समाजको मनोविज्ञान नबुझेर शक्ति प्रयोग गर्ने समूह हुन् वा प्रहरी प्रशासन, तिनले दिने समाधान तत्कालका लागि मात्रै हुन्छन् । दीर्घकालीन रुपमा काम लाग्ने हुँदैनन् । यो कुरा स्थानीय स्तरका धार्मिक द्वन्द्वरत समुदायले आफैले बुझ्नु भन्ने आग्रह छ हाम्रो ।

इद मनाउनेले नमाज पढ्ने र चैते दशैं (रामनवमी) को नवरात्र चलेकोले काली मन्दिरमा पूजा अर्चना गरेर भजन लगाउने समय एउटै परेर झडप भएछ शनिबार । २३ जना घाईते भएर, ४ जनालाई गोली लागेर उपचार भैरहेको खबर सार्वजनिक भएको छ । महाराजगञ्ज बर्गदाको असर बहादुरगञ्ज, तौलिहवा, बरोहिया र लवनीमा समेत पऱ्यो आइतबार । जिल्ला प्रशासन कार्यालयले निषेधाज्ञा जारी गऱ्यो सर्वपक्षीय बैठक बसालेर । सातबुँदे सहमति पनि सार्वजनिक गरेर । निषेधाज्ञापछि तौलिहवा बजार बन्द भयो, विद्यालयमा चलेको परीक्षा पनि रोकियो र सार्वजनिक बस चलाइएनन् । त्रासको वातावरण छ दुवैथरि मान्छेमा । विस्तारै सहज त होला यो । तर ईखको विष भने यथावत रहने छ । भोलि फेरि अर्को कुनै चाड पर्वको निहुँमा निस्कने छ । यसर्थ प्रहरी प्रशासनको बलमा भन्दा दुवै पक्षका जिम्मेवार व्यक्ति आफै मिलेर, बसेर स्थायी समाधान निकाल्दा दीगो हुने छ र मित्रतामा पनि पवित्रता थपिने छ भन्ने विषय नविर्सियोस् ।

स्थानीय जनतालाई थाहा हुन्छ एक अर्काको कमजोरी, बहादुरी र मजबुरी । आपसी समझदारीमा घटाउन र बढाउन सकिन्छ मित्रताको सम्बन्ध र दूरी । वल्तिर पल्तिर छर-छिमेकीका बीचमा लेन-देन, आँठ-साँध, कुला-पानी, सम्पन्न र विपन्न, बाल-बालिका र महिलाका मन मुटावका हुन्छन् । यतिले मात्रै धार्मिक द्वन्द्वको रुप लिदैन । जब तिनै विषय थुप्रिदै गएर धेरै हुन पुग्छन्, तब बदलाको भावना जागेर मौका ढुकेर बसेको हुन्छ । यसैलाई भजाउँछन् असामाजिक तत्वले, बाहिरबाट आएर । हिन्दू र इस्लाम दुवैतिर । बाहिरबाट आएका तत्वलाई दुवैले प्रश्रय नदिए द्वन्द्व बढ्दैन, दिए बढछ । हिन्दूहरुलाई आरएस्एस् र इस्लामलाई जेहादीहरुले उचालेपछि भएको हैन र यो ?

# सफलताको सूत्र- शक्ति संघर्षको व्यवस्थापन

**टंकमणि शर्मा दंगाल**




नेपालमा हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचनको परिणामले परम्परागत राजनीतिक शक्तिको दलगत वर्चस्वलाई विस्थापित गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई अभूतपूर्व जनमत प्रदान गरेको छ। यो जित केवल एउटा नयाँ दलको उदय मात्र होइन, बरु दशकौंदेखिको कुशासन, संस्थागत भ्रष्टाचार र सेवा प्रवाहविहीन प्रशासनिक जडताप्रतिको सामूहिक नागरिक विद्रोह हो। झन्डै दुईतिहाइको यो 'नीलो लहर'ले नयाँ सरकारका लागि इतिहास रच्ने मार्ग प्रशस्त गरेको छ। तर, यससँगै सिर्जित उच्च जनअपेक्षाको व्यवस्थापन गर्नु नै अबको सबैभन्दा ठूलो र कठिन परीक्षा हुने देखिन्छ।

वर्तमानमा नेपाल बहुआयामिक संकटको भुमरीमा छ। आर्थिक रूपमा देश गतिहीनताको अवस्थामा छ। उत्पादनमा आधारित अर्थतन्त्रको अभावमा युवा जनशक्तिको बौद्धिक पलायन र श्रम पलायन भइरहेको छ। वित्तीय घाटा र व्यापार घाटा चुलिँदो छ। प्रशासनिक रूपमा कर्मचारीतन्त्रीय ढिलासुस्ती र प्रक्रियामुखी कार्यशैलीले गर्दा सामान्य नागरिकले राज्यको उपस्थिति महसुस गर्न पाएका छैनन्। राजनीतिक रूपमा संघीयताको मर्म अनुसार अधिकारको विकेन्द्रीकरण हुनुको साटो बिचौलियातन्त्रले नीतिगत भ्रष्टाचारलाई संस्थागत गरेको छ। यी विद्यमान समस्याहरूलाई संरचनागत सुधारमार्फत हल गर्न नसके यो नयाँ जनमत केवल अंकगणितमा मात्र सीमित हुने जोखिम रहन्छ।

प्रशासनिक रूपमा कर्मचारीतन्त्रीय ढिलासुस्ती र प्रक्रियामुखी कार्यशैलीले गर्दा सामान्य नागरिकले राज्यको उपस्थिति महसुस गर्न पाएका छैनन्। ऐतिहासिक र समसामयिक सन्दर्भले के देखाउँछ भने विश्वभर नै शक्तिशाली बहुमतका सरकारहरू जनअपेक्षा अनुरूपको नतिजा दिन नसकेर राजनीतिक पतनको सिकार भएका छन्। नेपालको राजनीतिक इतिहासमा शक्तिशाली जनमत र गणितीय बहुमतले मात्र स्थायित्व र सुशासनको ग्यारेन्टी गर्न सकेको छैन।

वि.सं. २०१६ को बीपी कोइरालाको सरकारदेखि २०७४ को नेकपा सरकारसम्म आइपुग्दा ती सबै आन्तरिक संघर्ष र गुटबन्दीका कारण असफल भए। पछिल्लो समय २०८१/८२ मा बनेको कांग्रेस-एमालेको सरकारसमेत कुशासनका कारण २०८२ भदौमा जेन-जी विद्रोहबाट विस्थापित भयो। यसले के पुष्टि गर्छ भने सत्ताको आयु संख्यामा होइन, शासनको नैतिकता र जनमुखी कार्यशैलीमा निर्भर हुन्छ।

अन्तर्राष्ट्रिय परिदृश्यमा पनि यस्तै प्रवृत्ति देखिन्छ। बेलायतमा सन् २०१९ मा बहुमत ल्याएका बोरिस जोन्सन 'पार्टीगेट' र आन्तरिक कलहले बाहिरिए भने उनीपछिकी लिज ट्रस आर्थिक कुव्यवस्थापनका कारण ४५ दिनमै बाहिरिइन्। श्रीलंकामा अत्यधिक बहुमतको राजापाक्षे सरकार लोकप्रियतावाद र अदूरदर्शी आर्थिक नीतिका कारण राज्य पतनको अवस्थामा पुग्यो। भारतमा सन् १९८४ मा राजीव गान्धी र १९७७ मा मोरारजी देसाई नेतृत्वको पार्टीको सरकार नेताहरूको आपसी अहम् र गुटगत राजनीतिले गर्दा ढल्यो। अस्ट्रेलियामा विगत डेढ दशकमा केभिन रुड र टोनी एबोट जस्ता प्रधानमन्त्रीहरू पार्टीभित्रका असन्तुष्टिका कारण कार्यकाल पूरा गर्न नपाई फालिए। बंगलादेशमा शेख हसिनाको शासन सन् २०२४ मा लोकप्रिय जनविद्रोहबाट अन्त्य भयो। यसले के पुष्टि गर्छ भने संसदीय व्यवस्थामा गणितीय बहुमत मात्र होइन, आन्तरिक एकता र नतिजा नै निर्णायक हुन्छ।

नेपालको राजनीतिक इतिहासमा दलभित्रको आन्तरिक कलहले पटक-पटक अस्थिरता निम्त्याएको छ। २०४८ पछिको बहुदलकालमा नेपाली कांग्रेसले स्पष्ट बहुमत पाउँदा पनि गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकार आफ्नै दलभित्रको भीषण अन्तरद्वन्द्व र 'छत्तिसे' तथा 'चौहत्तरे' जस्ता गुटबन्दीका कारण पूर्ण कार्यकाल टिक्न सकेन। त्यस्तै, वि.सं. २०५४ मा नेकपा एमाले विभाजित भई वामदेव गौतमको नेतृत्वमा नेकपा माले गठन भयो, जसको प्रत्यक्ष असर तत्कालीन राजनीतिमा पऱ्यो। दसवर्षे जनयुद्धपछि शान्ति प्रक्रियामा आएको नेकपा (माओवादी) पनि विभिन्न गुट-उपगुटमा विभाजित भयो। मधेशवादी दलहरू त विभाजनको शृंखलाले गर्दा यति छिन्नभिन्न भए कि २०८२ को निर्वाचनमा ती शक्तिहरू शून्य सिटको अवस्थामा पुगे।

पछिल्लो चरणमा नेपाली कांग्रेसभित्रको असन्तुष्टिका कारण विशेष महाधिवेशनमार्फत शेरबहादुर देउवाको पुरानो नेतृत्व विस्थापन भएको सन्दर्भ, नेकपा एकीकृत समाजवादीको फुट र नेकपा माओवादी केन्द्रसँग एकता गरी नेकपा गठनको प्रक्रिया, नेकपा माओवादी केन्द्रबाट जनार्दन शर्मा लगायतका नेताहरूको बहिर्गमन– यसले दलहरूभित्रको गम्भीर व्यक्तिगत टकराव र शक्ति संघर्षलाई उजागर गर्छ। रास्वपाका प्रभावशाली नेताहरू सुमना श्रेष्ठ र सन्तोष परियारको बहिर्गमनले पनि नयाँ शक्तिहरूभित्र समेत शक्ति सन्तुलनमा चुनौती रहेको संकेत गरेको छ। यस्ता आन्तरिक द्वन्द्वले राजनीतिक दलहरूलाई मात्र होइन, सरकार सञ्चालन, राज्य व्यवस्थापन र समग्र राष्ट्रिय हितमा नै ठूलो कुठाराघात पुऱ्याउने गरेको छ।

**रास्वपाभित्र सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन शाहबीच व्यक्तित्व वा शक्तिकोटकरावआयोभनेठूलोधोकासावित हुनेछ, जनमतको कदर र परिवर्तनको रक्षाका लागि नेता तथा कार्यकर्ताहरू यस्तो सम्भावित अहम्-टकराव र शक्ति संघर्षप्रति सजग हुनुपर्छ।**

यसै सन्दर्भमा, रास्वपाभित्र पनि अहिले पार्टी स्थापनाकालदेखिका सभापति रवि लामिछाने र हालै प्रवेश गरेका वरिष्ठ नेता बालेन शाह (वा अन्य नेताहरू) बीच व्यक्तित्व वा शक्तिको टकराव आयो भने त्यो नेपाली राजनीतिक इतिहासमा अर्को एउटा ठूलो धोका सावित हुनेछ। जनमतको कदर र परिवर्तनको रक्षाका लागि रास्वपाका नेता तथा कार्यकर्ताहरू यस्तो सम्भावित अहम्-टकराव र शक्ति संघर्षप्रति निकै सजग हुनु अनिवार्य देखिन्छ। रास्वपाभित्रको आन्तरिक शक्ति सन्तुलन र कार्यशैलीमा सभापति रवि लामिछाने र बालेन शाह जस्ता पात्रहरूले आफूलाई लोकप्रियतावादी नेताबाट परिपक्व राजनेतामा रूपान्तरण गर्नुपर्ने चुनौती छ।

### सफल सरकारका सूत्रहरू

नेपाली जनताले उम्मेदवारहरूको अनुहार मात्र नहेरी यस घोषणापत्रमा विश्वास गरेर मतदान गरेकाले, निर्वाचित भएपछि पार्टी र सरकारका कामहरू अन्य नयाँ कुराभन्दा पनि जनताद्वारा अनुमोदित यही 'करारनामा' मा आधारित हुनुपर्छ।निर्वाचनअघि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले 'वाचापत्र' वा 'करारनामा' को संज्ञा दिँदै सार्वजनिक गरेको घोषणापत्र नै यसको कार्यसम्पादनको मुख्य आधार हो। नेपाली जनताले उम्मेदवारहरूको अनुहार मात्र नहेरी यस घोषणापत्रमा विश्वास गरेर मतदान गरेकाले, निर्वाचित भएपछि पार्टी र सरकारका कामहरू अन्य नयाँ कुराभन्दा पनि जनताद्वारा अनुमोदित यही 'करारनामा' मा आधारित हुनुपर्छ। यसका एजेन्डाहरू कति व्यावहारिक वा कार्यान्वयनयोग्य थिए भन्ने कुरा पार्टीको आन्तरिक विषय होला, तर जनताले अब यिनै आधारमा पार्टीको मूल्यांकन गर्ने भएकाले रास्वपा सचेत रहनुपर्छ।

रास्वपाको मुख्य एजेन्डा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र मुख्यमन्त्रीको अवधारणा, संवैधानिक निकायमा गैरदलीय विज्ञको नियुक्ति र 'राइट टु रिकल' एवं 'राइट टु रिजेक्ट' को कानुनी सुनिश्चिततामा केन्द्रित छ। यस प्रस्तावका साथै, पूर्णतः निष्पक्ष (गैरराजनीतिक) राष्ट्रपतिसहितको शासकीय सुधार, प्रदेश परिषद्को व्यवस्था गरिएको छ। शक्तिशाली स्वतन्त्र निकायमार्फत विगतका घोटालाहरूको छानबिन र 'डिजिटल फर्स्ट' नीति अवलम्बन गर्दै सरकारी सेवालाई पूर्णतः कागजविहीन र झन्झटरहित बनाउने लक्ष्य यसले लिएको छ।

शिक्षा र स्वास्थ्यलाई राज्यको आधारभूत जिम्मेवारी मान्दै यसले 'सिंगल पेयर हेल्थकेयर' मोडेलमार्फत स्वास्थ्य बिमालाई एकीकृत गर्ने र प्रत्येक पालिकामा गुणस्तरीय 'स्मार्ट स्कुल' सञ्चालन गर्ने योजना अघि सारेको छ। आर्थिक रूपमा यसले खुला बजार अर्थतन्त्र, वैदेशिक लगानीको सरलीकरण र युवाहरूका लागि 'बीउ पुँजी' मार्फत स्वदेशमै रोजगारी सिर्जना गर्ने वाचा गरेको छ। समग्रमा, प्रविधिमैत्री सेवा प्रवाह र भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता अपनाउँदै विद्यमान राजनीतिक अवस्थाको रूपान्तरण गर्ने नै यसको मूल लक्ष्य उल्लेख छ। राज्यको शासकीय स्वरूपसँग सम्बन्धित विषयहरूमा संविधान संशोधन आवश्यक हुन्छ, जसमा रास्वपा सचेत रहेको मानिएको छ।

अब बन्ने सरकारले विगतका गल्तीबाट सिक्दै केही ठोस 'सफलताका सूत्रहरू' अवलम्बन गर्नु अनिवार्य छ। सबैभन्दा पहिले, सरकारले योग्यता प्रणालीलाई मूल मन्त्र बनाउनुपर्छ। विगतमा जस्तो 'आफ्ना' मान्छे भर्ती गर्ने परम्परा तोडेर परिणाममुखी प्रशासनिक पात्रहरूलाई जिम्मेवारी दिनुपर्छ। दोस्रो, सरकारी सेवालाई पूर्णतः डिजिटलाइज गरी व्यक्तिरहित र कागजरहित बनाउनुपर्छ ताकि भ्रष्टाचारको जरा नै काटियोस्। तेस्रो, आर्थिक सुधारका लागि विज्ञहरूको खाका अनुसार उत्पादन र निर्यातमा जोड दिँदै वैदेशिक लगानी भित्र्याउने वातावरण बनाउनुपर्छ। चौथो, कानुनी शासनको कडाइका साथ पालना गराउनुपर्छ, जहाँ शक्ति र पहुँचका आधारमा कसैले उन्मुक्ति नपाओस्।

अन्ततः नयाँ सरकारका लागि चुनौती धेरै भए पनि अवसरहरू ऐतिहासिक छन्। जनतामा देखिएको उत्साहलाई निराशामा बदल्न नदिन सरकारले पहिलो १०० दिनमा देखिने गरी परिवर्तनको महसुस गराउनुपर्छ। नयाँ सरकारको कार्यकाल केवल सत्ता सञ्चालनको अवधि मात्र नभई जनतामा 'राज्य छ' भन्ने भरोसा जगाउने र आगामी ५ वर्षको मार्गचित्र कोर्ने पूर्वपरीक्षण पनि हो। प्रक्रियामा अलमलिने कर्मचारीतन्त्रलाई कार्यसम्पादनमा आधारित प्रणालीमा ढाल्दै, दलगत स्वार्थभन्दा माथि उठेर 'राष्ट्र प्रथम' को सोच राख्न सके मात्र नेपालको यो नयाँ राजनीतिक प्रयोग सफल हुनेछ। अन्यथा, इतिहासले अर्को एउटा असफल सरकारका रूपमा मात्र यसलाई लिपिबद्ध गर्ने निश्चित छ। विगतका शक्तिशाली सरकारहरू जुन चक्रमा फसेर असफल भए, त्यसबाट जोगिन रास्वपा नेतृत्वको नयाँ सरकारले केही सुरक्षा कवच अपनाउनु अनिवार्य छ।

### नयाँ सरकारको सुरक्षा कवच

नागरिक निगरानी र सार्वजनिक सुनुवाइलाई संस्थागत गरिनुपर्छ। अन्त्यमा, सरकारले दुईतिहाइको सामर्थ्य देखाउनुको सट्टा प्रतिपक्षसँग रचनात्मक सहकार्य गर्नुपर्छ। राष्ट्रिय महत्त्वका विषय र परराष्ट्र नीतिमा प्रतिपक्षलाई विश्वासमा लिँदा मात्र निर्णय प्रक्रिया परिपक्व हुन्छ र लोकतान्त्रिक व्यवस्था सुदृढ बन्छ।नयाँ सरकारको स्थिरता र सफलताका लागि सबैभन्दा पहिले आन्तरिक लोकतन्त्र र बहिर्गमन रणनीतिको सुनिश्चितता हुनुपर्छ। विगतका बहुमतका सरकारहरू ढल्नुको मुख्य कारण दलभित्रको व्यक्तिवादी सोच र शक्ति केन्द्रको टकराव रहेको सन्दर्भमा, अब नेतृत्वले खुला छलफललाई प्रश्रय दिँदै 'कार्यसम्पादन नभए पद छोड्ने' संस्कृति बसाल्नु आवश्यक छ। यसले गर्दा कुनै पनि व्यक्ति संस्थाभन्दा ठूलो हुन पाउँदैन। त्यसैगरी, सरकारको छवि स्वच्छ राख्न स्वार्थको द्वन्द्व व्यवस्थापनमा कठोर हुनुपर्छ। विगतमा जस्तो स्वार्थ बाझिने व्यक्तिलाई सम्बन्धित मन्त्रालयको जिम्मेवारी दिने (जस्तैः ठेकेदारलाई पूर्वाधार वा म्यानपावर व्यवसायीलाई श्रम मन्त्रालय) गल्ती सुधार गरी कडा आचारसंहिता लागू गर्नुपर्छ।

सरकारको कार्यक्षमता बढाउन राजनीतिक भागबन्डाको सट्टा विज्ञतामा आधारित नियुक्तिलाई प्राथमिकता दिनुपर्छ। रणनीतिक निकायहरूमा 'आफ्ना' मान्छे भर्ती गर्ने प्रवृत्ति त्यागेर दक्ष विज्ञहरूको स्वतन्त्र सूचीबाट नियुक्ति गर्ने परिपाटीले मात्र सुशासन सम्भव छ। यसका साथै, प्रधानमन्त्री र मन्त्रीहरूले नियमित रूपमा प्रत्यक्ष जनताका प्रश्नहरूको सामना गर्नुपर्छ।

(बाँकी 3 पेजमा >>>)

# अर्घाखाँचीमा पनि पुग्यो "स्वर्ण विन्दु प्राशन" को प्रभाव

अर्घाखाँची ८ चैत

अर्घाखाँचीमा आयुर्वेद चिकित्सा प्रणालीअन्तर्गतको "स्वर्ण विन्दु प्राशन" को प्रभाव पुगेकोछ। फलस्वरुप बालबालिकाको स्वास्थ्य सुदृढीकरणका लागि महत्त्वपूर्ण मानिने "स्वर्ण विन्दु प्राशन" कार्यक्रम सञ्चालन हुने भएको छ।



जन्मेदेखि ५ वर्षसम्मका बालबालिकालाई लक्षित गरी सुरु गरिएको यो कार्यक्रमले बालबालिकाको रोग प्रतिरोधात्मक क्षमता वृद्धि, शारीरिक तथा मानसिक विकासमा सहयोग पुऱ्याउने विश्वास गरिएको छ।

सन्धिखर्क नगरपालिका वडा नम्बर १ र २ मा रहेका १ वर्षदेखि ५ वर्षसम्मका बालबालिकालाई यही चैत १४ गते, पुष्य नक्षत्रको शुभ साइत पारेर स्वर्ण विन्दु प्राशन गरिने जिल्ला आयुर्वेद कार्यालय अर्घाखाँचीका प्रमुख कमल प्रसाद आचार्यले बताएका छन् ।आयुर्वेद स्वास्थ्य केन्द्र अर्घाखाँचीको आयोजनामा सम्पन्न अभिमुखीकरण कार्यक्रममा यस कार्यक्रमको उद्देश्य, प्रक्रिया र लाभबारे विस्तृत जानकारी प्रदान गरिएको थियो ।प्रादेशिक आयुर्वेद चिकित्सालय विजौरी दाङका बाल रोग विशेषज्ञ डाक्टर अर्जुनराज शर्माले स्वर्ण विन्दु प्राशनको वैज्ञानिक तथा आयुर्वेदिक महत्वबारे प्रकाश पारेका थिए।

## समयमै पानीको संरक्षण गर्न नसके...

विकास केन्द्रका अध्यक्ष त्रिलोचन घिमिरे, पूर्व जिल्ला सदस्य चेतनारायण भण्डारी, लुम्बिनी प्रदेशका ल्याब टेक्निसियन शुभम गुप्ता, कपिलवस्तुका टेक्निसियन प्रेम पौडेल, पिपरा कोठी महिला सेवा सामुदायिक वनका अध्यक्ष भीमसेन कार्की लगायत विभिन्न संघ-संस्थाका पदाधिकारीहरूको सहभागिता रहेको थियो।सन्जु कुमारी मल्लको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन खडानन्द गौतमले गर्नुभएको थियो।

## सफलताको सुत्र-शक्ति संघर्षको...

नागरिक निगरानी र सार्वजनिक सुनुवाइलाई संस्थागत गरिनुपर्छ। अन्त्यमा, सरकारले दुईतिहाइको सामर्थ्य देखाउनुको सट्टा प्रतिपक्षसँग रचनात्मक सहकार्य गर्नुपर्छ। राष्ट्रिय महत्त्वका विषय र परराष्ट्र नीतिमा प्रतिपक्षलाई विश्वासमा लिँदा मात्र निर्णय प्रक्रिया परिपक्व हुन्छ र लोकतान्त्रिक व्यवस्था सुदृढ बन्छ।

रास्वपाको आगामी राजनीतिक यात्रा र शासकीय सफलताको मुख्य आधार यसको आन्तरिक शक्ति सन्तुलन र कार्यशैलीमा निहित छ। वर्तमान समयमा पार्टीका नेताहरूमा राजनीतिक चामत्कारिकता मात्र नभई जिम्मेवारीबोधसहितको कार्यकुशलता झल्किनु अनिवार्य देखिन्छ। विगतका कतिपय संसदीय अभ्यासहरूमा देखिएका अपरिपक्वताबाट पाठ सिक्दै आगामी दिनमा युवा सांसदहरू थप गम्भीर र जिम्मेवार बन्नु आजको आवश्यकता हो। लोकप्रियतालाई प्रशासनिक संयम, लोकतान्त्रिक संवाद र विधिको शासनसँग सन्तुलन गर्दै संस्थागत पद्धतिमा ढाल्नु आवश्यक छ। विगतको 'निषेधको राजनीति' ले मुलुकलाई निकास दिन नसकेको यथार्थलाई मनन गर्दै नयाँ शक्तिले पुराना दलहरूप्रति पूर्वाग्रही हुनुको साटो 'प्रतिशोध होइन, प्रणाली' स्थापनामा जोड दिनुपर्छ

पुराना नेताहरूको अनुभव र संसदीय ज्ञानलाई सम्मान गर्दै 'सहमति र सहकार्य' को संस्कृति विकास गर्नु नै राजनीतिक परिपक्वताको परिचायक हुनेछ। साथै, अनुभवी प्रशासक, कूटनीतिज्ञ र कानुनी विज्ञहरूको सल्लाहकार समूह निर्माण गरी स्थापित प्रक्रियाहरू मिचिने गल्तीबाट बच्नुपर्छ। प्रत्येक सांसदले सार्वजनिक जीवन र संसद्मा समय, सभ्यता, सत्यता, संयम र सक्रियता जस्ता '५ स' को सूत्रलाई आत्मसात् गर्नुपर्छ। 'म यहाँ पद भोग्न होइन, पद्धति बदल्न आएको हुँ, मेरो प्रत्येक हस्ताक्षरले देशको भविष्य कोर्छ' भन्ने संकल्प नै उनीहरूको मूल मन्त्र हुनुपर्छ। अन्ततः, नयाँ जोस र जाँगरलाई ठोस कार्यसम्पादनमा बदल्दै 'हामी सिक्दै र सुधार गर्दै अघि बढ्छौं' भन्ने विनम्रता प्रदर्शन गर्नु नै जनविश्वास आर्जन गर्ने र नेतृत्वको विश्वसनीयता स्थापित गर्ने अचुक सूत्र साबित हुनेछ।

टंकमणि शर्मा दंगाल टंकमणि शर्मा दंगाल पूर्वमहालेखापरीक्षक हुन् ।-कान्तिपुर


**बाणगङ्गा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**बाणगङ्गा, कपिलवस्तु**

**लुम्बिनी प्रदेश, नेपाल**

पत्र संख्या : ०८२।८३

चलानी नम्बर :

### शिलबन्दी बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

सूचना प्रकाशित मितिः २०८२/१२/०९

बाणगंगा नगरपालिकाबाट सूचना प्रकाशित गरिए बमोजिम पर्न आएका दरभाउपत्रहरु मध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस हुन आएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ उक्त दरभाउपत्र सँग सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

| सि.न. | ठेक्का नं | कामको विवरण | छनोट भएको बोलपत्रदाता/दरभाउपत्र | कबोल अंक रकम मु.अ.कर सहित रु | कै. |
|---|---|---|---|---|---|
| १ | Re68/SQB/BMO/WORKS/82-83 | Upgradation Works of Gorkhali Aayurbediko Ghar Dekhi Bikash Poudelko Gharsamma Sadak, Ward 1 | रिमिक्स कन्ट्रक्सन प्रा.लि | ८,३५,०८४।१९ | |
| २ | Re72/SQB/BMO/WORKS/82-83 | Motipur Danda Adharbhut Swasthya Sewa Kendra and Samudayik Bhawan Marmat, Ward 7 | रिमिक्स कन्ट्रक्सन प्रा.लि | ८,३२,१४६।१९ | |
| ३ | Re74/SQB/BMO/WORKS/82-83 | Lok Br. Senko Ghardekhi Paschim Sadakma Nali Nirman, Ward 1 | महाशक्ति बिल्डर्स | ६,०८,१३३।२८ | |
| ४ | 75/NCB/BMO/WORKS/82-83 | Construction of Boundary Wall at Municipal Office | समाबेशी इन्फास्ट्रक्चर प्रा.ली. | २४,००,६५०।८७ | |
| ५ | 76/NCB/BMO/WORKS/82-83 | Upgradation Works of Farindra Regmiko Ghardekhi Dakshin and Paschim Jinuwa Pratikshyalaya Dekhi Paschim Sadak, Ward 9 | एस.एन.डि.कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ३५,९२,४३६।७९ | |
| ६ | 77/NCB/BMO/WORKS/82-83 | Upgradation Works of Blood Bank Building, Ward 4 | चौरसिया ब्रसर्श कंस्ट्रक्शन प्रा.लि. | २०,५७,७६२।०९ | |
| ७ | 78/NCB/BMO/WORKS/82-83 | Upgradation Works of United Samudayik Hospital Building , Ward 4 | चौरसिया ब्रसर्श कंस्ट्रक्शन प्रा.लि. | २१,९४,२७७।९५ | |
| ८ | 79/NCB/BMO/WORKS/82-83 | Bhartapur Tolko Meghnath Khanalko Ghardekhi Durga Mandir Jane Sadak Kalopatre,Ward 9 | तावाश्री निर्माण सेवा | ३५,२४,२१३।४८ | |
| ९ | 80/NCB/BMO/WORKS/82-83 | Upgradation Works of Suryodaya School, Ward 8 | रेसुङ्गा कन्ट्रक्सन | २१,४०,७४८।६३ | |
| १० | 95/SQB/BMO/WORKS/82-83 | Ahirauli Dekhi Ward Office Samma Sadak, Ward 10 | बद्रीनाथ कन्ट्रक्सन | १४,५४,८६४।०८ | |


# पर्यटकलाई गुराँसको मजा लिन तर नष्ट नगर्न अपिल

गुल्मी ८ चैत

गुल्मीका जङ्गल र पाखा पखेराहरुमा यतिबेला गुराँस फुलेर राताम्य बनेको छ।



देख्दा निकै आर्कषक हुने भएकाले गुराँस हेर्न जानेहरुको घुइँचो छ।

तर गुराँको फुलनै चुँडेर रमाइलो गर्ने, डोसाएर फाटो खिच्ने, हाँगाहरु भाच्ने हुन थालेपछि स्थानीय सरकारले अपिल निकाल्न पर्ने अवस्था आएको छ।

रेसुङ्गा नगरपालिकाले सार्वजनिक रुपमा धार्मिक तथा पर्यटकीय महत्व बोकेको रेसुङ्गा क्षेत्रको प्राकृतिक सौन्दर्य जोगाउन सबैलाई आग्रह गरेको छ।

रेसुङ्गा नगरपालिकाका प्रमुख प्रशासकी अधिकृत बाबुराम पल्लीले पछिल्लो समय विभिन्न स्थानबाट भ्रमणका लागि आउने आगन्तुक तथा पर्यटकहरुले रेसुङ्गा क्षेत्रका लालीगुराँस लगायत अन्य वनस्पतिहरूमा क्षति पुऱ्याउने कार्य वृद्धि हुँदै गएको गुनासो आएको बताउनुभयो।

यस्ता कामले धार्मिक तथा पर्यटकीय क्षेत्रको प्राकृतिक सुन्दरता घट्दै गएको र वातावरणीय सन्तुलनमा असर पर्ने भएकाले नगरपालिकाले यस्तो कार्य नगर्न सबै नागरिक तथा पर्यटकहरुलाई आग्रह गरेको प्रशासकीय अधिकृत पल्लीले बताउनुभयो।

रेसुङ्गाको धार्मिक, ऐतिहासिक तथा पर्यटकीय महत्व जोगाउने दायित्व नागरिकको भएको नगरपालिकाले जनाएको छ।

# ब्रेकफेल भएर टिप्पर दुर्घटना,४ को मृत्यु




पाल्पा ८ चैत

पाल्पामा भएको टिप्पर दुर्घटनामा परि अर्घाखाँचीको शितगंगा ४ का २ जना सहित ४ जनाको मृत्यु भएको छ।

शनिवार साँझ पाल्पाको माथागढी चुनढुङ्गा खानीतर्फ जाँदै गरेको लु २ ख ४५२५ नम्बरको खाली टिप्पर दुर्घटना हुँदा अर्घाखाँची शितगंगा ४ का २६ बर्षिय टिप्पर चालक चिन्ता बहादुर सुनार , सोही ठाउँका २७ बर्षिय सुनिल बिक,रूपन्देही देवदह २ का २६ बर्षिय सुनिल नेपाली र पाल्पा तानसेन १० पटुवाका ३३ बर्षिय राजन चिदीको मृत्यु भएको पाल्पा प्रहरीले जनाएको छ।

गम्भीर घाईते भएका राजन चिदीको भैरहवा मेडिकल कलेजमा उपचारको क्रममा गए राति नै मृत्यु भएको थियो।

गाडी बनाउन भन्दै फरक फरक गाडिका ३ जना चालक सहित चढेको टिप्परको एक्कासी ब्रेक फेल भई माथिल्लो सडकबाट करिब ५० मिटर तल्लो सडकमा खसी दुर्घटना भएको प्रहरीले जनाएको छ।


## जनहितमा जारी सन्देश

-घर आगन टोल छरछिमेक सधैं सफा राखौं ।

-फोहर मैलाको उचित व्यवस्थापन गरौं ।

-भुकम्प प्रतिरोधात्मक संरचना निर्माण गरौं ।

-सडक अतिक्रमण नगरौं ।

-पशुपंक्षी संरक्षण गरौं, वातावरण जोगाउन वृक्षारोपण गरौं ।

-स्थानीय कृषि तथा पर्यटनको संरक्षण तथा संवर्द्धन गरौं ।

अनुरोधक

शिवराज नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, कपिलवस्तु



## जनहितमा जारी सन्देश

-घर आगन टोल छरछिमेक सधैं सफा राखौं ।

-फोहर मैलाको उचित व्यवस्थापन गरौं ।

-भुकम्प प्रतिरोधात्मक संरचना निर्माण गरौं ।

-सडक अतिक्रमण नगरौं ।

-पशुपंक्षी संरक्षण गरौं, वातावरण जोगाउन वृक्षारोपण गरौं ।

-स्थानीय कृषि तथा पर्यटनको संरक्षण तथा संवर्द्धन गरौं ।



अनुरोधक

कपिलवस्तु नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, कपिलवस्तु

क.जि.प्र.का.द.नं. २०/०७१/०७२
जि.हु.का.द.नं. ९/०७९/८०

# कर्मचारीतन्त्रमा हुने हस्तक्षेप सुशासनका लागि बाधक : अध्यक्ष बिष्ट

देउखुरी ८ चैत

राप्ती गाउँपालिकाका अध्यक्ष प्रकाश विष्टले नेपाल प्रहरीको अनुसन्धान क्षमता माथि विश्वास व्यक्त गर्दै राजनीतिक हस्तक्षेप अन्त्य भए प्रहरी झनै प्रभावकारी रूपमा काम गर्न सक्ने धारणा राख्नुभयो । राप्ती गाउँपालिकाको समन्वयमा जिल्ला प्रशासन कार्यालय दाङले आइतबार गाउँपालिकाको कार्यालय मसुरीयामा आयोजना गरेको शान्ति सुरक्षा अपराध नियन्त्रण र सेवा प्रवाह सम्बन्धि अन्तरक्रिया एवं सचेतनामूलक कार्यक्रममा बोल्दै अध्यक्ष विष्टले सो कुरा बताउनु भएको हो । हत्या, बलात्कारजस्ता जघन्य अपराधहरू समेत राजनीतिकरणका कारण ढाकछोप हुने प्रवृत्तिले न्याय प्रणाली कमजोर बनाएको उहाँले बताउनु भयो ।




उहाँले कर्मचारीतन्त्रमा हुने हस्तक्षेप पनि सुशासनका लागि बाधक रहेको उल्लेख गर्नुभयो । "कर्मचारीलाई स्वतन्त्र रूपमा काम गर्न नदिँदा सेवा प्रवाहमा ढिलाइ र असन्तुष्टि बढ्ने गरेको छ," उहाँले थप्नुभयो। स्थानीय तहले पारदर्शिता र जवाफदेहिता कायम गर्दै जनताको विश्वास जित्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

त्यस्तै दाङका प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले जिल्लामा शान्ति सुरक्षा कायम गर्न सबै सरोकारवाला पक्षबीच समन्वय, सहकार्य र आपसी विश्वास आवश्यक रहेको बताउनुभयो ।

उहाँले स्थानीय प्रशासन ऐन २०२८ ले दिएको अधिकारको प्रभावकारी प्रयोग गर्दै सेवा प्रवाहलाई व्यवस्थित बनाइएको जानकारी दिनुभयो। "हामीले कानुन, नियम र प्रक्रियाअनुसार सेवा प्रदान गरिरहेका छौं, तर अझै सुधारका लागि सुझावहरू स्वागतयोग्य छन्," अर्यालले भन्नुभयो। उहाँले नागरिकमैत्री प्रशासन निर्माण गर्न डिजिटल प्रणालीको प्रयोग, गुनासो व्यवस्थापन र समयमै सेवा उपलब्ध गराउने प्रणालीलाई थप सुदृढ गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो। साथै, शान्ति सुरक्षामा जनसहभागिता महत्वपूर्ण हुने भन्दै समुदाय-प्रहरी साझेदारी कार्यक्रमलाई अझ सक्रिय बनाइने जानकारी दिनुभयो ।

अन्तरक्रियामा सहभागीहरूले स्थानीय स्तरमा देखिएका विभिन्न समस्या र समाधानका उपायहरू खुलस्त रूपमा राखेका थिए ।


विशेषगरी, चोरी-डकैती नियन्त्रण, सवारी दुर्घटना न्यूनीकरण र सार्वजनिक सुरक्षाका लागि सिसिटिभी क्यामेराको आवश्यकता औंल्याइएको थियो। बिग्रिएका क्यामेराहरू तत्काल मर्मत गर्न तथा आवश्यक स्थानहरूमा नयाँ क्यामेरा जडान गर्न माग गरिएको छ ।

त्यसैगरी, समाजमा बढ्दो घरेलु हिंसाको मुख्य कारण मदिरा रहेको भन्दै घरेलु मदिरा उत्पादन र बिक्री वितरणमा कडाइ गर्नुपर्ने आवाज उठेको थियो। सहभागीहरूले युवापुस्तामा बढ्दो दुर्व्यसन, बेरोजगारी र सामाजिक विकृति नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रमहरू आवश्यक रहेको पनि बताएका थिए ।

जिल्ला प्रशासन कार्यालय दाङका प्रशासकीय अधिकृत विजय गौतमले कार्यालयबाट प्रदान गरिने सेवाहरू, प्रक्रियाहरू र सुधारका पहलहरूबारे जानकारी दिनुभएको थियो।

उहाँले सेवा प्रवाहलाई छिटो, छरितो र पारदर्शी बनाउन विभिन्न सुधारात्मक कदमहरू चालिएको उल्लेख गर्नुभयो। कार्यक्रममा जिल्ला प्रहरी कार्यालय दाङका कार्यालय प्रमुख प्रहरी उपनिरिक्षक दिपक श्रेष्ठ, राप्ती गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देविराम पाठक लगायतका वक्ताहरूले पनि आ-आफ्ना धारणा राख्दै शान्ति सुरक्षा सुदृढीकरणका लागि साझा प्रयास आवश्यक रहेकोमा जोड दिएका थिए ।

# लुम्बिनीका सांसदले बालविवाह अन्त्यमा जनाए सामुहिक प्रतिबद्धता



दाङ ८ चैत

लुम्बिनी प्रदेशका सांसदहरूले बालविवाह अन्त्यका लागि सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाएका छन्। प्रदेशसभा सदस्यहरूको सहभागितामा आयोजित नीति-संवाद कार्यक्रममा बालविवाहको अवस्था, न्यूनीकरण र अन्त्यका उपायहरूबारे खुला छलफल भएको थियो।सभामुख तुलबहादुर घर्ती मगरले बालविवाह अन्त्य सम्बन्धी नीति, कानुन र विधेयकलाई प्राथमिकतामा राख्ने बताए। पूर्वमुख्यमन्त्री डिल्लीबहादुर चौधरीले राष्ट्रिय र अन्तर्राष्ट्रिय साझेदारी आवश्यक रहेको उल्लेख गर्नुभयो।कार्यक्रमले पालिका स्तरीय नीति निर्माण, बालहित कोष स्थापना, बालविवाहमुक्त पालिका घोषणा, बालमैत्री स्थानीय सरकार निर्माण, बजेट प्राथमिकता र सरोकारवालाबीच सहकार्यजस्ता प्रतिबद्धता पनि जनाएको छ।

# यूद्ध खाडीमा भान्सासम्मको सकस नेपालमा

कपिलवस्तु ८ चैत

इरानमाथि इजरायल र अमेरिकाले आक्रमण गरेपछि मध्यपूर्वमा फैलिएको द्वन्द्वको असर नेपालको भान्सासम्म आइपुगेको छ । खाना पकाउने एलपी ग्यासको अभाव र पेट्रोलको मूल्यवृद्धिका साथ शुरू भएको यो असरले नेपाली अर्थतन्त्रका प्रमुख क्षेत्रहरूलाई एकैसाथ चपेटामा पार्न थालेको छ ।नेपाल आयल निगमका प्रवक्ता मनोजकुमार ठाकुरकाअनुसार अहिलेसम्म पेट्रोलियम पदार्थको आयात अवरुद्ध नभए पनि मूल्यवृद्धिका




कारण निगमलाई १५ दिनमा मात्रै ४ अर्ब रुपैयाँ घाटा हुने स्थिति छ । उपभोक्तालाई पनि लिटरमै १५ रुपैयाँको वृद्धि भइसकेको छ ।अर्थविज्ञकाअनुसार इन्धनको मूल्य बढ्नेबित्तिकै यातायात र ढुवानीदेखि सबै क्षेत्रमा मूल्यवृद्धि हुन्छ । रेमिट्यान्समा पनि दबाव बढ्ने जोखिम छ । मध्यपूर्वका देशहरूले नेपालको कुल रेमिट्यान्सको ४१ प्रतिशत हिस्सा ओगटेका छन् ।

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं ।

❖ सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरौं,
❖ विविधतामा एकताको भावना विकास गरौं,
❖ जातीय, धार्मिक तथा क्षेत्रीय विभेद त्यागौं,
❖ चाडपर्व र उत्सवहरू मिलेर मनाऔं,
❖ घृणा फैलाउने, अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
❖ संवाद, सहकार्य बढाऔं,
❖ आपसी समझदारी कायम गरौं,
❖ शान्ति, सहिष्णुता र भाइचाराको संस्कृति प्रवर्द्धन गरौं।

विविधतामा एकता, सद्भाव र सहिष्णुता ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनहितमा जारी सन्देश

-स्थानीय सरकारलाई सवल बनाउन समयमै कर तिरौं
-सेवा प्रपाहमा रहेका कमी कमजोरी औंल्याऔं
-विकास निर्माणमा काम उपभोक्ता समिति मार्फत जनसहभागितामा समयमै सम्पन्न गरेर फरफारक गरौं

अनुरोधक
बाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय बाणगंगा, कपिलवस्तु







कमन नेपाल खोज तथा अनुसन्धान प्रतिष्ठानद्वारा प्रकाशित राष्ट्रिय दैनिक बुद्ध दर्पणका लागि प्रबन्ध निर्देशक : लक्ष्मण बेल्बासे,
अतिथि सम्पादक : नारायणप्रसाद पौडेल, प्रधान सम्पादक: बसन्त गिरी, सम्पादक : पार्वती पाण्डे, प्रबन्ध-सम्पादक : डिलाराम भुसाल, व्यवस्थापक : रामु पौडेल,
प्रधान कार्यालय : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, फोन नं. ०७६-५५०२६०, फ्याक्स: ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , ईमेल: buddhadarpan@gmail.com मुद्रण: कलर अफसेट प्रेस, बुटवल, रुपन्देही